म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७८ बुधबार २५ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 8 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कांग्रेसका पूर्वसांसद घलेको निधन

काठमाडौं, २४ माघ/नेपाली कांग्रेसका पूर्व सांसद कर्मा घलेको मृत्यु भएको छ । महाराजगञ्जस्थित त्रिभुवन शिक्षण अस्पतालमा उपचारका क्रममा घलेको मृत्यु भएको हो ।

५९ वर्षीय घलेको मंगलबार मध्यान्ह मृत्यु भएको कांग्रेस प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए । घले लामो समयदेखि क्यान्सर रोगबाट ग्रसित थिए । घले उपचारका लागि भारत पनि पुगेका थिए । मनाङका घले २०७४ सालमा समानुपातिक तर्फबाट प्रतिनिधि सभा सदस्य भएका थिए । उनी कांग्रेसमा महासमिति सदस्य हुन् । सक्रिय राजनीतिका साथै सामाजिक कार्यहरुमा घलेको योगदान अतुलनीय रहेको प्रमुख सचेतक लेखकले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

# हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग स्तरोन्नतीमा प्रदेश सरकारको चासो

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग अन्तर्गत् तीन चरणमा भइरहेको कामबाट उल्लेख्य भौतिक प्रगति नदेखिएपछि प्रदेश सरकारले चासो लिएको छ ।

बागमती प्रदेशभित्र रहेको संघीय र प्रदेश राजधानी जोड्ने छोटोमार्ग कन्तबिजोग अवस्थामा छ । भैंसेदेखि फर्पिङसम्म तीन चरणमा काम भइरहेका छन् । भैंसे-भिमफेदी, हुमानेभञ्ज्याङ-फर्पिङ खण्ड र सिस्नेरी-छैमले-दक्षिणकाली खण्डको काम भइरहेका हुन् । भैंसेदेखि भीमफेदीसम्म र सिस्नेरी सडक खण्ड स्तरोन्नतीका लागि भौतिक प्रगति भएपनि हुमाने र फर्पिङ खण्डको काम भएको छैन् । छोटो मार्गको फाखेलतर्फ धेरै सवारीसाधन गुड्ने गरेका छन् । फाखेल क्षेत्रमा औसन सडक राम्रो भए पनि हुमानेदेखि फर्पिङसम्मको खण्ड अत्यन्तै जेखिमयुक्त रहेको छ । हुमानेदेखि फर्पिङसम्मको खण्डमा धेरै सवारी दुर्घटनासमेत हुने गरेको छ ।

करिब दुई वर्ष अघिदेखि निर्माण सुरु गइरहेको उक्त मार्ग हालसम्म स्तरोन्नती हुन नसकेको हो । बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा युवराज दुलाल आएसँगै छाटोमार्ग स्तरोन्नतीमा गति लिने विश्वास गरिएको छ । मंगलबार प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु र सरोकारवाला



निकायबीच छोटोमार्गको विषयमा छलफल भएको छ । हेटौंडा-भिमफेदी-हुमाने-फर्पिङ सडक खण्डमा निर्माण व्यवसायीहरुले समयमै सम्पन्न गर्नेगरि काम नगरेको र स्थानीयहरुबाट उत्पन्न समस्याका विषयमा छलफल गरिएको हो । प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री गंगा नारायण श्रेष्ठ, भौतिक पूर्वाधार विकासमन्त्री दुलाल, श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले कामको प्रगति बारे जानकारी लिएका थिए ।

छलफलमा बोल्दै बागमतीका मुख्यमन्त्री जम्कट्टेलले काम नगर्ने मनासय बोकेका ठेकेदार लाई अब समय थप नहुने बताएका छन् । काम गर्दैजाँदा समय नभएर ढिला भएको भए समय थप गर्न सकिने तर कामै नगरी समय थपको माग गर्ने ठेकेदारहरुलाई समय थप गर्न नसकिने उनले बताए । मुख्यमन्त्री जम्कट्टेलले देशको राजधानी काठमाडौंबाट प्रदेशको राजधानी हेटौंडा जोडने सडकको स्तरोन्नती दुई महिनाभित्र सक्न निर्देशन दिए ।

छलफलबाट भैंसेदेखि फर्पिङसम्म भइरहेका निर्माणका कामलाई तीव्रता दिने निर्णय भएको भौतिक पूर्वाधार विकास मन्त्री दुलालले जानकारी दिए । भैंसे-भिमफेदी र हुमाने-फर्पिङ खण्डको काम सम्पन्न गर्न र सिस्नेरी-छैमले-दक्षिणकाली खण्डको काम द्रुत गतिमा सम्पन्न गर्ने निर्णय पनि भएको छ । दुवै सडक निर्माणलाई तिव्रता दिन फागुन १ गतेबाट करिब २ महिनासम्म यी सडक खण्डमा यातायात सेवा बन्द गर्ने निर्णय पनि गरिएको छ । बैकल्पिक सडकको रुपमा कान्तिलोकपथ र थानकोट-चित्लांङ-मार्खु-कुलेखानी-भिमफेदी खण्डबाट यातायात सुचारु गर्ने र यी समग्र कामको समन्वय भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने निर्णय भएको छ ।

निर्माण समयमै नसकिँदा छोटो मार्ग वर्षातका समयमा जोखिम बन्दै गइरहेको छ । यसअघि मनसुन परिवर्तनकै अवस्थामा पहिरो जान थालेपछि वर्षातमा छोटोमार्ग जोखिमयुक्त बनेको थियो । अघिल्ला वर्षहरुमा पनि पटक-पटक दर्जन बढी स्थानमा पहिरो जाँदा घण्टौं सडक अवरुद्ध हुने गरेको थियो । तर, प्रदेश र स्थानीय सरकारले दुई राजधानी जोड्ने एकमात्र छोटोमार्गमा पहिरो रोक्ने कुनै योजना अघि सारेको छैन् । सडक निर्माण जारी भएको र काम समयमै नसक्नुले जोखिम बढेको हो । भीमफेदीदेखि कुलेखानी हेभीसम्मको स्तरोन्नती भइरहेको करिब १६ किलोमिटर खण्डमा भने पहिरो रोक्ने उपाय अनुसार वृक्षरोपणहरु गरिएको छ ।

कुलेखानी-भीमफेदी सडक स्तरोन्नती गर्न निर्माण कम्पनीले व्यापक कटिङ गरेका थिए । छोटोमार्गअन्तर्गत् दुर्घटनाको अति नै जोखिमयुक्त कुलेखानी-भीमफेदी सडकखण्ड, भैंसै, भीमफेदी, फाखेलदेखि फपिङसम्म पहिरोको जोखिम अझै कायम छ । यो सडकमा अत्याधिकरुपमा सवारी दुर्घटनासमेत हुने गरेको छ । सडकमा धेरै घुम्तीमोड भएकोले सवारी दुर्घटनामा पर्ने गरेका छन् ।

# रासायनिक मल नपाउँदा थाहाका कृषक चिन्तित



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ पर्याप्त रासायनिक मल नपाउँदा थाहा नगर लगायतका कृषकहरु चिन्तित छन् । बेमौसमी तरकारी खेतीको लागि पहिचान बनाएको थाहा नगरका कृषकहरु जसोतसो खेती गरिएपनि मल अभावले उत्पादन नहुने भएपछि चिन्तित भएका हुन् ।

'खेती त जसोतसो गरि एला तर मल नै पाइँदैन । मल पाइहाले पनि दोब्बरभन्दा बढी मूल्य तिर्नुपर्छ ।', थाहा ३ का कृषक सरोज कार्कीले दुखेसो पोखे । उनी जस्तै मकवानपुर जिल्लाका अधिकांश किसानले रासायनिक मल नपाउँदा हैरान भएका छन् ।

रासायनिक मल नहाली तरकारी उत्पादन नहुने हुनाले किसानहरु खेती लगाउने कि नलगाउने दोधारमा परेका छन् । यतिबेला थाहाका किसानलाई आलु, काउली, बन्दा अन्य बालीका लागि ठूलो परिमाणमा रासायनिक मल आवश्यक छ ।

'दिनभरि लाइनमा बस्यो १० किलो रासायनिक मलका पाईन्छ । हामीलाई कम्तीमा चार बोरा मल चाहिएको छ,' कृषक बिजय अधिकारीले भने । बिगत २ बर्षदेखि रासायनिक मलको अभाव भएकोले कृषकहरुले सोचेजति उत्पादन लिन सकेका छैनन् । किसानले समयमै मल, बीउबिजन, कृषि औजार तथा उपकरणसमेत नपाउने अवस्था छ । खेतीको समयमा मल तथा बीउ अभाव सामान्य भइसकेको छ ।

रासायनिक मल किन्न बिहानैदेखि सहकारी संस्था कुरेर बस्नुपर्ने किसानको दैनिकी नै बनेको छ । सरकारले समयमै आपूर्ति व्यवस्थालाई सहज बनाउन ध्यान नदिँदा किसान मारमा परेका छन् । खेतीबारीमा व्यस्त हुने किसान दिनभर मलको खोजीमा भौंतारिरहन परेको छ ।

थाहा नगरपालिकाका प्रमुख बिष्णुबहादुर बिष्टले थाहा नगरमा एकै सिजनमा तीन पटकसम्म तरकारी उत्पादन हुने भएकोले प्रदेश सरकारले निर्धारण गरेको कोटाले मात्रै नपुग्ने हुँदा मलको बितरण प्रणालीलाई पुनः बिचार गर्नुपर्ने बताए । उनले थाहा नगरको लागि मलको कोटा बढाउनको लागि बागमती प्रदेश सरकारको मूख्यमन्त्री र कृषि तथा पशुपंक्षी मन्त्रालय समक्ष अनुरोध गरेका छन् ।

बागमती प्रदेशका लागि यस आर्थिक बर्षमा १४ हजार ८६ मेट्रिकटन रासायनिक मल प्राप्त भएको कृषि सामग्री कम्पनी लिमिटेडको बागमती प्रादेश कार्यालय हेटौंडाका प्रादेशिक प्रबन्धक प्रकाश चन्द्र ज्ञावलीले बताए । उनले बागमती प्रदेश कृषि मन्त्रालयले निर्धारण गरे अनुसार स्थानीय तहको सिफारिस अनुसार मलको बितरण गरिने बताए ।

# बागमतीका सभामुखलाई नेमकिपाको पत्र



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले बागमती प्रदेशसभामा पनि प्रमुख प्रतिपक्षी दलको दाबी गर्दै सभामुखलाई पत्र लेखेको छ ।

नेमकिपा बागमती प्रदेश संसदीय दलका नेता सुरेन्द्रराज गोर्साइले प्रमुख प्रतिपक्ष दलको दाबी गर्दै प्रदेश सभामुख भुवन कुमार पाठकलाई पत्र बुझाएका हुन् । नेमकिपाले गत माघ ९ गते नै प्रमुख प्रतिपक्ष दलको दाबी गर्दै प्रदेशसभा सचिवालय हेटौंडामा पत्र दर्ता गराएको थियो ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले गत माघ ३ गते सांसदबाट विश्वासको मत लिँदा नेमकिपा बाहेक प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरुले पक्षमा मत दिएकाले आफू विपक्षी दल भएको दाबी नेमकिपाको छ । सरकारको विपक्षमा मतदान गर्ने एउटै मात्र दल नेमकिपा नै भएकाले सभामुखसमक्ष दाबी पेस गरेको नेमकिपाले जनाएको छ ।

बागमती प्रदेशको प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २ को खण्ड (१) बमोजिम बागमती प्रदेश सभामा विपक्षी दलको नेता चयन गर्ने कानुनी व्यवस्था अनुसार नेमकिपालाई विपक्षी दल घोषणा गर्नुपर्ने नेमकिपा सांसद गोसाईंको भनाइ छ । प्रदेशसभामा निर्वाचित नेमकिपाबाहेक सबै दल मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलहरु भएकोले आफ्नो पार्टीलाई विपक्षी दल र दलको नेता घोषणा गर्न माग गरेको गोसाईंको भनाइ छ ।

उक्त विषयमा आइतबार बसेको सर्वदलीय बैठकमा कांग्रेस र नेमकिपाबीच विवादसमेत भएको थियो । बैठकमा नेमकिपा गोसाईंले आफूलाई विपक्षी दलको नेता घोषणा गर्न माग गरेपछि कांग्रेस सांसदले विरोध गरेका थिए । कांग्रेसका सांसदले सरकारलाई आफूहरुले समर्थन नदिएको विश्वासको मत मात्रै दिएकाले केन्द्रकै अनुसार कांग्रेस विपक्षी दल भएको बताएका थिए ।

प्रदेशसभा नियमावली २०७४ (पहिलो संशोधन) अनुसार विपक्षी दल र नेता भन्नाले दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति रहने छ भने मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा सबै भन्दा बढी सदस्य भएको दल हुनेछ ।

# मकवानपुरसहित १३ जिल्लामा एकीकृत कार्यालय खोल्न अध्ययन



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/सेवा विस्तारका लागि बागमती प्रदेश सरकारले १३ वटा जिल्लामा कार्यालय खोल्ने तयारीअनुसार अध्ययन गर्ने भएको छ ।

सरकारले प्रदेशका १३ वटै जिल्लामा एकीकृत कार्यालय खोल्ने तयारीका लागि अध्ययन कार्यदल गठन गरेको छ । मंगलबार बिहान बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेशका १३ वटा जिल्लामा एकीकृत सेवा सञ्चालनको लागि अध्ययन गर्न कार्यदल गठन गर्ने निर्णय गरेको प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिएका छन् । उनका अनुसार समितिको संयोजकमा प्रदेशका प्रमुख सचिव मुकुन्द प्रसाद निरौला रहेका छन् । उनले आवश्यकताका आधारमा सम्बन्धी मन्त्रालयका सचिवलाई कार्यदलको सदस्य नियुक्त गर्नेछन् ।

प्रदेश सरकारका योजना कार्यान्वयनमा भएका समस्या समाधानका लागि एकीकृत कार्यालय सञ्चालनको तयारी गिरिएको मन्त्री श्रेष्ठले बताए । प्रदेश सरकार मातहतको प्रशासनिक संगठनहरु जिल्ला जिल्लामा नहुँदा योजनाहरु कार्यान्वयनमा जटिलता आएको र सम्बन्धित स्थानीय तहले पनि त्यसतर्फ चासो कम देखाउँदा ती योजनाहरु समयमा नै सम्पन्न हुन नसक्ने गरेको उनको भनाई छ ।

प्रदेश सरकारका सबै प्रशासनिक कार्यहरु हेटौंडा र काठमाडौंबाट मात्र सरंचालन हुँदा सेवाग्राहीहरु समस्यामा पर्दै आएकाले एकीकृत कार्यालय सञ्चालनको तयारी गरिएको उनले बताए ।

उक्त कार्यदलले अध्ययन गरेर मन्त्रिपरिषद्मा प्रतिवेदन बुझाएपछि सरकारले १३ वटै जिल्लामा आफ्ना कार्यालयहरु स्थापना गरी सेवा प्रवाह गर्ने उनको भनाई छ ।

कार्यदलले प्रशासनिक खर्च, सेवा प्रवाहलगायतका विषयलाई केन्द्रमा राखेर अध्ययन गर्ने र आवश्यकताका आधारमा सम्बन्धित मन्त्रालयको मातहतमा रहने गरी कार्यालय खोल्ने सुझाव सहित प्रतिवेदन पेस गर्ने उनले बताए । त्यस्तै मन्त्रिपरिषद्ले तामाङ र नेवार भाषालाई प्रदेश सरकारको सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न गरेको निर्णय अनुसार कार्यान्वयनका लागि अध्ययन कार्यदल गठन गरेको छ ।

मन्त्रिपरिषद् बैठकले प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरेको हो । समितिको सदस्यमा प्रदेशका श्रम रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठ, पर्यटन उद्योग तथा सहकारी मन्त्री डम्बर बहादुर तामाङ रहेका छन् ।

उक्त कार्यदलको सदस्य सचिवमा प्रदेश सरकारको एक सचिव रहने छन् भने अर्को एक सदस्य सोही क्षेत्रका विज्ञ रहनेछन् । दुवै सदस्यहरु केही दिनमा नै नियुक्त गर्नेमन्त्रिपरिषदको निर्णय रहेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# नेपालको पर्यटन प्रबर्द्धनमा देखिएका समस्याहरु

नेपालमा पर्यटन क्षेत्रमा पर्याप्त सम्भावना छन् भन्ने कुरा गर्दिै आइए पनि राम्रो तवरले सबै ठाउँमा फस्टाउन सकेको छैन । नेपालमा साँस्कृतिक, धार्मिक, प्राकृतिक, जैविक, वन्यजन्तुलगायत धेरै क्षेत्रलाई लक्षित गरेर पर्यटक आउन सक्ने सम्भावना प्रचुर छ । तर, त्यसको उचित प्याकेज बनाएर विकास गर्न नसक्दा पर्याप्त विकास हुन सकिरहेको छैन । आन्तरिक पर्यटकलाई कतिपय विषयबस्तु बारेमा थाहा भएपनि चासो दिएर पारिवारिक भ्रमण भएको पाइएको छैन भने बाह्य पर्यटक भित्र्याउन विशेष योजना नहुँदा पर्यटन व्यवसाय अलपत्र अवस्थामा छन् । नेपालमा काठमाडौंभन्दा बाहिरी जिल्लाहरुमा पर्यटन क्षेत्रको विकासको निम्ति पूर्वाधारविकासमा केन्द्रित हुन सकेको छैन । नेपालमा अहिले पर्यटन व्यवसायको सबैभन्दा बढी काम काठमाडौंबाट नै हुने गर्छ । त्यसमध्ये पनि ठमेललाई विशेष रुपमा पर्यटकीय क्षेत्रको रुपमा नै लिने गरिएको छ ।

नेपाल आउने पर्यटकहरुलाई बाह्य जिल्लाहरुमा काठमाडौंको तुलनामा उपलब्ध हुने सुविधा निकै नै कम छ । खासगरी काठमाडौंमा भएका होटल, इन्टरनेटको पहुँच, यातायात पुर्वाधार, एयरपोर्टलगायत कारणले गर्दा नेपालमा पर्यटन व्यवसायलाई सहजता भएको छ । नेपालमा पर्यटन व्यवसायमा आवद्ध अधिकांश ट्राभल एजेन्सीहरु काठमाडौंमै भएपनि ती एजेन्सीहरुले भ्रमण गराउने ठाउँहरु भनेका काठमाडौं उपत्यकाभन्दा बाहिरका मरोरम प्राकृतिक दृश्यहरु नै हुन् । काठमाडौं उपत्यकामा सीमित रहेको पर्यटन क्षेत्र आगामी दिनहरुमा भने काठमाडौंभन्दा बाहिर विस्तार हुनु जरुरी छ । सडक यातायातको पहुँच नेपालका अधिकांश ठाउँहरुमा विस्तार हुँदै गएसँगै पहिलेको तुलनामा अहिले ट्रेकिङ रुट छोटिएको छ । यातायातको विकास भएको ठाउँमा रुट छोटिएको र यातायात नभएको ठाउँमा सामानहरु पाउन कठिन र अत्यन्तै महँगो भएको कारणले गर्दा नेपालमा पर्यटनमा पनि नराम्रो प्रभाव पर्दै आएको छ । विगतमा अन्नपुर्ण रुटमा २१ दिन लाग्ने गरेकोमा अहिले भने सो रुट १५ दिनमा सीमित भएको छ । नेपालमा पर्याप्त ठाउँहरु भएका र ती ठाउँहरुलाई नयाँ रुटको रुपमा विकास गर्न सकिने भएपनि सरकारले त्यसमा खासै चासो नराखेको र व्यवसायीहरु पनि सीमित दायराभन्दा माथि उठ्न नसकेको कारणले गर्दा नयाँ रुटमा हामीले पर्यटन विस्तार हुन नसकेको हो ।

पर्यटनको क्षेत्रमा अहिले काम गर्ने मानिसहरु पाउन गाह्रो छ । पछिल्लो समय नेपालमा भएका शिक्षित व्यक्तिहरु सबै किसिमका कामहरु गर्नको निम्ति तयार हुने अवस्थामा छैनन् । पढेलेखेका मानिसहरुले भारी बोक्ने सामान उचाल्ने लगायतका कामहरु गर्नको निम्ति सहज रुपमा तयार हुँदैनन् । प्राकृतिक सम्पदाहरुको तुलनामा मानवनिर्मित सम्पदाहरु कम भएको कारणले गर्दा नेपालमा आउने मानिसहरु सबै जसो प्राकृतिक वस्तुहरु हेर्न नै आउने गरेका छन् । नेपालमा हामीले पर्यटनमा आगामी दिनमा मानवनिर्मित सम्पदाहरुको निर्माणमा पनि विशेष जोड दिनु जरुरी छ । यी संरचना पनि पर्यटनको आकर्षणका केन्द्र हुन सक्छन् । सरकारले सम्पदाहरुको राम्रो तवरले प्रचारप्रसार गर्न सकेको छैन । पर्यटन विकासको नाममा रहेको बजेट सही तवरले खर्च हुन सकेको छैन । पर्यटन प्रबर्द्धनको निम्ति ल्याइने बजेट पनि त्यत्तिकै फ्रिज भइरहेको छ । यस्तो अवस्थामा पर्यटन क्षेत्र राम्रो तवरले विकास हुन सक्छ भन्न सकिँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २६ गते बिहीबार ९ फेब्रुअरी २०२३ । चतुर्थी फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४८, सूर्यास्त ५:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **तुला** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **वृष** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **वृश्चिक** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| **मिथुन** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | **धनु** | : प्रयत्न सफल हुनेछ |
| **कर्कट** | : यात्रामा खर्च बढ्नेछ | **मकर** | : पढाइलेखाइमा प्रगति हुनेछ |
| **सिंह** | : मौकाको फाइदा लिन सकिनेछ | **कुम्भ** | : सेवामूलक कामबाट धनलाभ हुनेछ |
| **कन्या** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ | **मीन** | : स्वास्थ्य कमजोर रहनेछ |

# सतही राजनीतिको दुश्चक्रमा नेपालको भविष्य



✍गणेश सिंह ठगुन्ना

जबसम्म राजनीतिको मूल ध्येय उत्पादन वृद्धि, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण, शिक्षा, स्वास्थ्य र रोजगारीमा आमजनताको पहुँच स्थापित गर्नु हुँदैन र यी मुद्दा प्राथमिकतामा पर्दैनन्, उक्त देशको विकास हुँदैन । त्यस्तो देशमा सतही राजनीति चलिरहन्छ, देशको अर्थतन्त्र कमजोर हुँदै जान्छ, उत्पादन वृद्धिमा कुनै ध्यान दिइँदैन र अस्थिर जनताको मत आकर्षण गर्न राजनीतिज्ञहरू फगत सतही राजनीति र कोरा नाराहरूबाट जनतालाई दिग्भ्रमित गर्ने गर्दछन् ।

यो अस्थिरता र जनताको बीचमा रहेको उकुसमुकुसका बीचमा नयाँ नयाँ पात्रहरू विभिन्न नौटंकीहरूका साथ प्रकट हुन्छन् । जनताले आशाका साथ केही परिवर्तन पनि गर्न खोज्दछन्, तर परिमाणत: त्यही पुरानै सतही नारा, आधारविहीन निर्देशन र परम्परागत प्रणालीले नै निरन्तरता पाउने गर्दछ । यसले जनतामा व्यापक निराशा पैदा गर्दछ र कालान्तरमा त्यो निराशा व्यवस्था र देशको अस्तित्वको लागि गम्भीर संकट पैदा गर्दछ ।

नेपालको राजनीति आज यही परिदृश्यबाट अगाडि बढिरहेको छ । हामीले सियो पनि उत्पादन गर्न सकेका छैनौं । कृषिप्रधान देश भनेका छौं, तर तरकारी, दाल, चामल समेत आयात गरेर आपूर्ति गरिरहेका छौं । वितरणमा होडबाजी चलिरहेको छ । नयाँ नयाँ आश्वासनहरूको प्रतिस्पर्धा भइरहेको छ, तर देशको अर्थतन्त्र कर्मचारीहरूको तलबभत्ता समेत व्यहोर्न नसक्ने अवस्थामा पुगेको छ ।

विकास खर्चको लागि आन्तरिक र बाफय ऋणमा निर्भर रहनुपरेको छ । देश यस्तो कहालीलाग्दो अवस्थामा रहेको छ, तर तीनै तहका सरकारहरूमा सिर्जित विभिन्न पदहरू र तामझामसहित भइरहेको खर्च हेर्दा राज्य भविष्यको चिन्ता छाडेर उपभोगमा रमाउने मानसिकताबाट चलिरहेको स्पष्ट हुन्छ ।

निकै अनुभवी र पटकपटक सत्ता चलाएका व्यक्तिहरू पनि आन्तरिक गृहकार्यविना विविध प्रकारका क्षणिक लोकप्रियताको लागि निर्देशन दिइरहेका छन् । विनातयारी गरिएका यस्ता निर्देशन र घोषणाहरूले केही दिन त पीडित व्यक्तिहरूमा आशाको संचार गर्दछ तर केही समयपछि हात्ती आयो हात्ती आयो फुस्सा भने झैं हुन्छ ।

वर्तमान सरकारले पहिलो निर्णय नै राहदानी बनाउँदा लाइन लाग्ने अवस्थाको अन्त्य गर्ने गऱ्यो । उक्त निर्णय स्वागतयोग्य थियो, तर अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन ।

लाइनको अन्त्य कुनै निर्देशनले गर्दैन । यसको लागि त प्रतिदिन राहदानी लिने व्यक्तिको संख्याको आधारमा जनशक्ति र साधनस्रोतको व्यवस्था हो । त्यसप्रकारको आधार नै तयार नगरी गरिने निर्णयहरूले सरकारकै विश्वस्नियतामा समेत गम्भीर प्रश्नहरू खडा गर्दछ ।

दोस्रो बहुचर्चित बियष रहेको छ- सरकारी अस्पतालहरूमा उपचारका लागि बिरामीको पालो । आज हाम्रो देशमा स्वास्थ्यको अवस्था नाजुक छ । त्यहाँ शल्यक्रिया गर्नुपर्ने बिरामीले १ वर्ष पछिसम्म पालो कुर्नुपर्ने अवस्था छ । कतिपय गरिब बिरामीहरूको पालो आउँदासम्म मृत्यु भइसकेको हुन्छ ।

उपचारबाट जीवन जोगाउन सक्ने नागरिक समयमा उपचार नपाउँदा मृत्युको सिकार भएका छन् । यस्तो शासन प्रणालीलाई कसरी लोकतान्त्रिक व्यवस्था भन्न सकिन्छ ? कानुनी रूपमा भनिएला तर व्यवहारिक र नैतिक रूपले यो लोकतान्त्रिक व्यवस्था होइन । यो अवस्थाको अन्त्य कुनै पनि प्रधानमन्त्री र मन्त्रीले निर्देशन दिएर सम्भव हुँदैन । यसको लागि पर्याप्त संख्यामा अस्पतालको निर्माण गर्ने र त्यसमा पनि बिरामीको चापको आधारमा विशेषज्ञ सर्जन डाक्टरहरूको दरबन्दी स्थापना गरी पदपूर्ति गर्नु हो ।

एउटा अस्पतालमा एकजना सर्जन डाक्टरको दरबन्दी स्थापना गरी एकदिनमा एकसय जना बिरामीको अप्रेसन गर्न भनी दिइएको निर्देशनको कुनै औचित्य हुँदैन । बिरामीको चापको आधारमा दक्ष जनशक्ति, पर्याप्त भौतिक पूर्वाधार, आवश्यक बजेटको व्यवस्था गर्न सकिए निर्देशन बिना नै नागरिकले समयमा स्वास्थ्य सुविधा पाउने छन् ।

उत्पादन वृद्धि विना अब हाम्रो देशको अर्थतन्त्रलाई आगामी दिनमा धान्न सकिने अवस्था छैन । रेमिट्यान्समा आधारित अर्थतन्त्र कुनै पनि बेला क्षणभरमै ध्वस्त हुन सक्छ । कल्पना गरौं, यदि नेपालीको वैदेशिक रोजगारीको प्रमुख गन्तव्यहरू मलेसिया, खाडी देशहरूमा कुनै कारण मन्दी आयो भने रेमिट्यान्सविना हामी कति दिन टिक्न सक्छौं ? यसर्थ कृषिमा राज्यले पर्याप्त लगानी गर्दै कृषि उत्पादनको आयातलाई बन्द गरिनुपर्दछ । तब मात्र हामी कृषिमा आत्मनिर्भर हुन सक्दछौं ।

पर्याप्त उद्योग स्थापना गरी स्थानीय स्रोत साधनको उपयोग बढाउनुपर्छ । यसले रोजगारी सिर्जना गर्दै वस्तु निर्यात गर्न सकिन्छ । वैदेशिक मुद्रा प्राप्तिको आधार तयार गर्न लगानी बढाउनु जरुरी छ । कच्चा पदार्थहरू विभिन्न देशबाट आयात गरी प्याकेज र एसेम्बल गर्ने होइन, यहीँको कच्चा पदार्थ प्रशोधन गर्ने उद्योगहरू स्थापना गरिनुपर्दछ । तब मात्रै देशको अर्थतन्त्र सुधार हुन्छ र देशमै रोजगारीको अवस्था सिर्जना हुन्छ ।

अहिले प्रदेश र स्थानीय तहहरूमा गएको खर्बौं बजेटको ठूलो हिस्सा भ्रष्टाचार र अनियमितताामा दोहन भइरहेको छ । राज्यका कुनै पनि निकायहरूले त्यहाँ भइरहेको अनियमितताको लेखाजोखा गर्ने प्रयास गरेका छैनन् । कर्मचारी तन्त्रले ती स्वायत्त सरकारहरू हुन्, हामीले केही गर्न मिल्दैन भन्ने र ती सरकारहरूले हामी जसरी पनि चल्दा हुन्छ भन्ने मान्यता विकसित हुँदै गइरहेको छ । यसले पछिल्लो समय जनतामा असन्तुष्टि बढाइरहेको छ ।

राजनीतिक कार्यकर्ताहरूमा भ्रष्टाचार गरी छोटो समयमै सम्पन्न हुने गलत प्रवृत्तिले प्रोत्साहन पाउँदैछ भने स्वच्छ छवि भएका व्यक्तिहरू कमजोर हुँदै गएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सांकेतिक रूपमा केही मुद्दा चलाउने निकाय मात्र नभई हरेक अनियमितता र भ्रष्टाचारका घटनाहरूमा अनुसन्धान गर्नुपर्छ । यसका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको स्थापना रिटायर्ड प्रशासकहरूबाट हैन, भ्रष्टाचार उन्मुलन र सुशासन सम्बन्धी उच्च शिक्षा हासिल गरेका प्राज्ञिक व्यक्तिहरूबाट गर्नुपर्दछ ।

यसका शाखाहरू जिल्ला स्तरसम्म विस्तार गरी भ्रष्टाचारीलाई तुरुन्त कारबाही गर्नुपर्छ । तब मात्र बजेटको ठूलो हिस्सा अपचलन रोक्न सकिन्छ । सरकारले तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्य हो- सम्पत्ति छानबिन आयोग गठन । एक उच्च स्तरीय सम्पत्ति छानबिन आयोग गठन गरी राजनीतिक नेतृत्व, कर्मचारी लगायत सम्पूर्ण नागरिकहरूको सम्पति छानबिन गरिनुपर्दछ । अस्वाभाविक रूपमा आर्जन गरी कमाएको सम्पत्ति राष्ट्रीयकरण गरी उद्योगधन्दा, कलकारखाना निर्माणमा लगाए मात्र सुखी नेपाली र समृद्ध नेपाल कल्पना साकार हुन सक्छ ।

यस सन्दर्भमा विगतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले सुरु गरेका केही महत्वपूर्ण योजनाहरू अगाडि बढाउनुपर्छ । स्थानीय खानी उत्खनन्, औद्योगिक क्षेत्र स्थापना, प्रत्येक पालिकामा सुविधा सम्पन्न अस्पताल निर्माण, प्रत्येक पालिकाको केन्द्रसम्म कालोपत्रे सडक पहुँच, प्रत्येक निर्वाचन क्षेत्रको रणनीतिक सडक कार्यक्रम लगायतका कार्यहरूलाई ओझेलमा नपारौं । यी परियोजनामा अत्यधिक बजेट विनियोजन गरी अगाडि बढाउनुपर्दछ । अब वितरणमुखी हैन उत्पादनमुखी बजेट निर्माण गरेर अगाडि बढ्नुपर्दछ । तब मात्र हामी सतही राजनीतिको यो दुश्चक्रबाट मुलुकलाई मुक्त गरी समृद्ध नेपाल निर्माण गर्न सक्दछौं ।

(साभार: अनलाइनखबर)

# कहाँ छ सरकार ?

राजेन्द्र महर्जन

*जहिलेसम्म ऊ भुइँमा थियो*
*कुर्सी खराब थियो*
*जबदेखि ऊ कुर्सीमा बस्न पुग्यो*
*भुइँ खराब भयो !*
*- गोरख पाण्डेय/कुर्सीनामा*

तेस्रो पटक प्रधानमन्त्रीको कुर्सीमा आसीन भएका पुष्पकमल दाहाल 'प्रचण्ड' भुइँमा बसेर गएको धेरै समय भएको छैन । तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको कृपावश संसद् विघटन भएपछि दाहाल 'फिब्व ख्य:' (माइतीघर मण्डला) को भुइँमा बस्न पुगेका थिए । ओलीले करिब दुईतिहाइ बहुमतको सरकारको उत्तरार्द्धका प्रमुख बनाउनुको सट्टा कुर्सी नै भाँचिदिएपछि दाहाल सडकमा पुगेका थिए, प्रतिगमनविरुद्ध आन्दोलनका नाममा । त्यही बेला विघटित संसद्का सदस्य र विभाजित नेकपाका नेताहरूसँगै उनले सडकबाटै सबै कुर्सीधारीलाई आफ्नो नाम, थर र पदसमेत छातीमा टाँसेर देखाएका थिए, 'हामी यहाँ छौं !'

सडकबाट सत्तामा पुगेपछि, सरकार बाट ओलीको बहिर्गमनपछि दाहालका लागि प्रतिगमन सच्चिएको होला, शेरबहादुर देउवाको सरकारमा अंशियारी पाएपछि अग्रगमन नै पनि भएको होला, के भुइँतहका पीडित जनताका लागि प्रतिगमन रोकियो ? भुइँतहका जनताका हातबाट अपहरण भएको लोकतन्त्रको हकमा अग्रगमन भयो ? देउवादेखि दाहालसम्म पालैपालो सत्तासीन हुनासाथ उत्पीडित जनगणका लागि न्यायको प्रत्याभूति हुने हो ? न्याय, समृद्धि र खुसी भनेको खासखास वा विशेष खालका वा सत्ताका आसेपासेले मात्रै पाउने हो कि आम वा साधारण वा सडकछाप मान्छेहरूले पनि ? देउवा, देउवाको पार्टी र दाहालसहितको देउवा सरकार तथा वाम-लोकतान्त्रिक गठबन्धनले नेपालगन्जकी विधवा/एकल महिला निर्मला कुर्मीको अपहरण, शरीर बन्धकी र हत्या-बेपत्ताका अभियुक्त पूर्वसभासद् बादशाह कुर्मीलाई दिएको लुम्बिनी प्रदेशको सांसद पद नै अन्यायको सबैभन्दा ठूलो कोसेली होइन्न र ?

आज ओली र ओलीजस्ता नेताहरूकै काँध चढेर दाहाल सिंहदरबारभित्र प्रधानमन्त्री पदमा फेरि चढेका छन्, उनले एक दिन बसेपछि छाडेर आएको सडकमा रुबी खानहरू छन् अनि नेपाली कांग्रेसका नेता बादशाह कुर्मीजस्ता सत्ताका आसेपासेलाई पोस्ने दलीय ताल र सरकारी चाल देखेर भन्दै छन्, 'चालीस दिनदेखि हामी यहीं छौं, न्याय चाहियो सरकार !' तेस्रो चरणको न्यायिक आन्दोलनका क्रममा नेपालगन्जदेखि काठमाडौंसम्म आएर फिब्व ख्य:मा उत्रिएका मधेसी मुस्लिम र दलित महिलाहरू दाहाल सरकारलाई गुहार्दै छन्, 'महिला हिंसा गर्ने होसियार, कब तक हिंसा सही सरकार, अबतौ न्याय दैदेव हमार !'

**सरकार र न्याय खोजिरहेका रुबी खानहरू**

नेपालगन्जभित्र करोडौं पर्ने पाँच बिघा जमिन भएकै कारण राजनीतिक भूमाफियाको षड्यन्त्रको सिकार भएकी निर्मला कुर्मी आन्दोलतर त रुबी खान र अन्य मधेसी मुस्लिम महिलाकी नातेदार थिइनन् । र पनि उनीहरू निर्मला कुर्मी र एकाध दिनको अन्तरालमा रहस्यमय रूपमा मरेका उनका छोराहरूलाई न्याय अनि अभियुक्त बादशाह कुर्मी र अन्य भूमाफियालाई सजाय दिलाउन आठ-दस वर्षदेखि दिनरात संघर्षर त छन् । उनीहरू तेस्रो चरणमा मात्रै चालीस दिनदेखि सिंहदरबार छेउमा दिउँसै लालटिन बाल्दै, अभियुक्त र अपराधीहरूको मात्रै आवाज सुन्ने दलपति र सत्ताधीशहरूलाई पीडितजनका आवाज सुनाउन सिट्टी फुक्दै 'सरकार' खोज्दै छन् । र, प्रधानमन्त्री र गृहमन्त्रीको घुम्ने मेचलाई अभियुक्त र अपराधीपोषक संयन्त्रमा फेर्ने, सिंगो राज्यलाई उत्पीडक संरक्षक संरचना बनाउने तथा देशलाई नै अन्यायी मुलुकमा रूपान्तरण गर्नेहरूलाई हाँक दिँदै छन्, 'यदि न्याय माग्नु अपराध हो भने हामी अपराधी हौं !'

न्याय माग्ने र न्यायका लागि सरकार खोज्ने जस्तो ठूलो अपराध गर्दै आएका रुबी खानहरूको वर्षौंवर्ष लामो आन्दोलनले देखाएको छ– आम मान्छेहरूका ज्यान, उनीहरूका सम्पत्ति, उनीहरूका स्वास्थ्य, शिक्षा र सपनामाथि पनि राजनीतिक भूमाफियाहरूको प्रभुत्व र वर्चस्व बढ्दो छ । पार्टीका नेतालाई कठपुतलीजस्तै नचाएरह प्रहरी, प्रशासन, अदालतलाई समेत प्रभावमा पारेर चलाइने राजनीतिक भूमाफियातन्त्रको सिकार हुनेमा निर्मला कुर्मी एक ज्वलन्त मात्रै हुन्ह अरू कति मासिए, अनुमान गर्न नै कठिन छ । उनीहरूले न्याय पाउने त कता हो कता, उनीहरूका लागि जायज न्यायको आवाज उठाउनेहरूको साहस मात्रै होइन, सास र आससमेत जोखिममा रहेको टिठलाग्दो अवस्था रुबी खानहरूका अनुहारमा पढ्न सकिन्छ । अनेक लाञ्छना, डर-धम्की, मुद्दामामिला र गिर फ्तारी बेहोरेका मधेसी मुस्लिम र दलित महिलाहरूको नदबिएको आवाजले सरकारलाई मात्रै होइन, राज्यलाई नै न्यायिक कठघरामा उभ्याएको छ- सरकार र राज्य सधैंजसो न्यायको विपक्षमा हुन्छन्, किन ?

देशमा राज्य न्यायका पक्षमा भएको भए त एक जना महिलाको जीवन, उनका सन्तान र सम्पत्ति सबै स्वाहा पारिएको घटनामा बाँकेका महिलाहरूले आठ-दस वर्ष लामो संघर्ष गर्नु नै जरुरी हुने थिएन । सरकार अन्यायका विपक्षमा भएको भए केही दिनको फरकमा ती महिलाका दुवै छोरा मर्दा शव परीक्षणसम्म गर्न नदिनेह उनका लालपुर्जा, तमसुक र अन्य सबै कागजात कब्जामा लिनेह उनलाई सडकमै मारपिट गर्नेह शरीर बन्धकमा पार्ने तथा भारतमा लगेर बेपत्ता पार्ने कांग्रेसी नेता प्रदेशसभामा होइन, भूमाफिया मित्रहरूसँगै जेलको कोठरीमा हुन्थे । बाँके प्रशासनसामु वर्षौंको संघर्षपछि राजधानीसम्म न बीसौं दिन लामो पैदल मार्च गर्नु आवश्यक हुन्थ्यो, न त तीन/तीन पटकसम्म सिंहदरबारसामु धर्ना, जुलुस र आमरण अनशन नै बस्नु जरुरी हुन्थ्यो ।

उनीहरूले बादशाह कुर्मीलाई टिकट र संरक्षण दिने देउवाको प्रधानमन्त्री र सभापति पदबाट राजीनामा मागेका थिएनन्, न त देउवासँग घाँटी जोडेर अभियुक्तलाई जिताउन सघाउने दाहाललाई प्रधानमन्त्री हुन रोकेकै थिए । अभियुक्तले प्रदेश सांसदको शपथ लिनुअघि नै संघको राजधानीमा धर्नामा बसेका ती जुझारु मानवअधिकारवादीहरूले सडकमा राखेका माग थिए– निर्मला कुर्मी हत्याको घटनामा न्यायिक आयोग गठन गर्नुपर्छ, न्यायिक आयोगमार्फत कुर्मीको तमसुकमा भएको सहीछाप चेक गरिनुपर्छ, मुद्दालाई अदालतसम्म पुऱ्याइनुपर्छ र महिला आन्दोलनकारीको सुरक्षाको प्रत्याभूति गराउनुपर्छ । यी माग सडकमा घन्काउनु अपराध हो ?

**न्यायिक आकांक्षाको वधशाला**

निर्मला कुर्मीका लागि जारी न्यायिक आन्दोलनले फेरि पनि प्रस्ट्याएको छ- चाहे ती सत्ताधीश ओली होऊन् या देउवा वा दाहाल, सत्ता-शक्तिमा विराजमान भएपछि जोकसैलाई पनि न्याय-अन्याय क्षेत्र छुट्याउन कठिन हुँदो रहेछ अन्याय, उत्पीडन र हिंसामा लिप्त हुने व्यक्ति र संस्थाले नै राज्य र सरकारजस्ता संरचनालाई चलाउने हुँदा सत्ताधीशहरूको नजर, विवेक र साहस कुर्सीमुनि हराउने रहेछ । अन्ततः उनीहरूमा महाभ्रम फल्दो-फुल्दो रहेछ- सरकार भनेकै न्याय-अन्याय क्षेत्रभन्दा माथिको राज्य-संयन्त्र हो । कवि गोरख पाण्डेयकै भाषामा- सरकार भनेको माग र गुनासोको संसारबाट अविचल सत्ता हो, उच्छ्वास र आँसुको विश्वमा पनि स्थिर रहने कुर्सी हो, जसको खुट्टामा आगो नलागेसम्म चल्दै चल्दैन । यस्तो कुर्सीमा बसेपछि शासकहरूका सबै ज्ञानेन्द्रियहरू जनगणका माग, गुनासो, विरोधबाट मुक्त हुने हुनाले नै सदनमा बलियो विपक्ष चाहिने होह सदनमा सबै सत्तापक्षमा फेरिएमा सडकमा भए पनि प्रतिपक्ष आवश्यक हुने होह सडकमा आउन गाह्रो हुने भए सामाजिक सञ्जालमा भए पनि न्यायिक मनहरू उभिनु जरुरी हुने हो ।

बादशाह कुर्मी होऊन् या जोकोही नेता-कार्यकर्ता, सत्तापक्ष वा प्रतिपक्षका आसेपासे हुनासाथ सबै आरोपबाट छुटकारा पाइने सुविधा, सबै अपराधको सजायबाट उन्मुक्ति पाइने सहुलियतले लोकतान्त्रिक गणतन्त्रलाई पनि राजतन्त्रलाई जस्तै लोक वा गणको न्यायिक आकांक्षाको वधशालामा मात्रै सीमित गर्न सक्छह यसबाट देउवा, दाहाल र ओलीहरू बेखबर छैनन् । आम मानिसले न्यायका लागि पटकपटक सडकमै उत्रिनुपर्नेह राजधानीकै ठन्डी र गर्मी झेल्नुपर्नेह दमन र गिरफ्तारी, बेवास्ता र हेपाइ खानुपर्ने दुरवस्थाले अन्याय, अत्याचार र अव्यवस्थाकै निरन्तरता र सघनतालाई प्रस्ट्याउने होह यसबाट कुनै पनि दल र सरकार अनभिज्ञ छैनन् । चाहे नेपालगन्जका मधेसी मुस्लिम र दलित महिलाहरू होऊन् या बोझेनीका तामाङहरू, चाहे चितवनका किसान या वाग्मती किनारका सुकुम्बासी होऊन् वा स्वनिग: (काठमाडौं उपत्यका) का रैथाने स्ववासी, अन्याय, अत्याचार र अव्यवस्थाबाट त्राहित्राहि भएर आत्मदाह गर्न पुगेका प्रेमप्रसाद आचार्य र आत्महत्या गरेका रामदेव मरिक डोमजस्ता अन्य आम मान्छे सडकमा निस्केर कराउँदै छन्, 'न्याय खै सरकार ?'

**रविले देखाएको सरकारको स्वाङ**

फिब्व ख्य:बाट सिंहदरबारतिर हेर्दा, रुबी खानहरूको नजरियाबाट नियाल्दा देखिन्छ- दाहाल सरकार त सरकारको स्वाङ गर्नमै व्यस्त रहेछ, न्याय दिने भाषणमा अभ्यस्त रहेछ । निर्मला कुर्मीका लागि जारी न्यायिक संघर्षप्रति ऐक्यबद्धता जनाउन बृहत् नागरिक आन्दोलन गरेको प्रदर्शनका क्रममा माइतीघरमा खगेन्द्र संग्रौलासँगै उभिएर डा. सञ्जीव उप्रेतीलाई सुन्दा थाहा हुन्छ- सरकार त लोकतन्त्रको अभ्यास होइन, क्रुर अभिनयमा मग्न रहेछ । त्रिविको अप्राज्ञिक अवस्थाबाट दिक्क भएर सडकमा निस्केका बौद्धिक अभियन्ता उप्रेतीका अनुसार तत्कालीन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सडकमा सरकार उपस्थित भएको 'दिखावा' राम्रैसँग गरे, सायद विद्रूप मजाकको हदसम्म !

दोहोरो नागरिकताको मुद्दामा स्वार्थको टकराव हुने गरी गृहमन्त्री पड्काएका रवि लामिछानेको एकदिने सरकारी प्रदर्शनपछि कुर्मी प्रकरणमा न प्रहरीबाट छानबिन भयो, न शक्तिशाली छानबिन आयोग बनाइयो, न त न्याय प्राप्त हुने गरी अभियन्ताहरूलाई आश्वस्त पारियो । अन्ततः दोहोरो नागरिकताको अभियोग सिद्ध भएपछि रवि आफैंले उपप्रधान तथा गृहमन्त्री मात्रै होइन, सांसदको पदसमेत गुमाउनुपऱ्योह गृहमन्त्री फेरि नपाएको झोंकमा सरकारबाटै बाहिरिने अतार्किक र अराजनीतिक निर्णय गर्नुपऱ्यो । रुबी खानहरूलाई सडक प्रदर्शन रोक्न अनुरोध गर्ने रवि लामिछाने स्वयं पनि सडकमै आएर चटक देखाउन तम्सिए । न्यायको प्रहसनका क्रममा उनले मायावी कपडाले सबैका आँखा छोपेर चटक देखाए– 'सरकार र अदालतसँगै राज्यका सबै अंग, चौथो अंग भनिने मिडिया पनि मिथ्या होह रवि मात्रै सत्य हो !'

**राज्य र सरकारको चटकेपना**

कुनै आधारबिना जथाभावी आरोप लगाउने र तर्क-तथ्यबिनाका गालीगलौजलाई नै राजनीति ठान्ने चटकेहरूका नयाँ भेरिएन्टले दाहाल सरकारको अस्तित्वलाई नै भ्रामक बनाउन सफलता हासिल गरेका छन् । रविले सबैभन्दा ठूलो चटक हो- कायम नै नरहेको नागरिकता पेस गर्दै पार्टीको सभापति, प्रतिनिधिसभाको उम्मेदवार, ठूलो मतसंख्याका साथ सांसद, दाहाल सरकारको उपप्रधानमन्त्री र गृहमन्त्री ३२ दिनसम्म पड्काउन सफल हुनु ! यो चटक एउटा टेलिभिजनमा लगातार ६२ घण्टाभन्दा बढी टक शो होस्ट गरेर विश्वकीर्तिमान कायम गरेको र गिनिज बुक अफ वर्ल्ड रेकर्ड्समा दर्ज गरेकोभन्दा कता हो कता चतुऱ्याइँपूर्ण छ ।

यस्तो चतुऱ्याइँले भरिएको चटकले सबैभन्दा घातक असर कसैलाई गरेको छ भने त्यो नागरिकता मुद्दाबारे छानबिन नै नगरीकन अदालतमा समेत पक्षपोषण गर्ने सिंगो राज्यलाई गरेको छह फर्जी नागरिकलाई उपप्रधान तथा गृहमन्त्री टक्र्याउने दाहाल सरकारलाई गरेको छ र उनको गालीगलौज, लोकरिझ्याइँ (पपुलिज्म), राष्ट्रवादी पराक्रमवाद (नेसनालिस्टिक हिरोइज्म) र पीडितपनाको भाष्य (भिक्टिमहुड न्यारेटिभ) को व्यापारप्रति आशावादी भएका मतदातालाई गरेको छ । फर्जी नागरिकको मन्त्रीय चटक सकिएपछि दाहाल सरकारको अस्तित्व र आधार माथि नै प्रश्न उठेको छ, जबकि नेपाली कांग्रेसको राष्ट्रपतीय स्वार्थको टेकोमा बुँख्या:चाका रूपमा सरकार अस्तित्ववान् रहनेमा भने शंका छैन ।

यसबीच गृहमन्त्री पदभार ग्रहण गरेका प्रधानमन्त्री दाहाललाई सरकारको अस्तित्व देखाउनसम्म कठिन छ भने न्याय दिए-दिलाएको अभिनय गर्न झनै गाह्रो छ ।

*(साभार: ई-कान्तिपुर)*

# १८ रुपैयाँ खर्चेर उब्जाएको तरकारी ७ रुपैयाँमा बेच्दैछिन् किसान

काठमाडौं/चितवनको भरतपुर १६ मा तरकारी खेती गर्ने धनु अधिकारी अहिले गोलभेंडा प्रतिकेजी ७ रुपैयाँमा बेच्दैछिन् । राम्रो मूल्य पाएको दिनमा १० रुपैयाँसम्म पाउँछिन् । तर एक केजी गोलभेंडा उत्पादन गर्न १८ रुपैयाँ खर्च भएको उनको हिसाब छ, जसमा जग्गा भाडा, खनजोत, टनेल, मल, बीउ, विरुवा उत्पादन, सिँचाइ, विषादीदेखि ज्यालासम्म पर्छ । आफ्नो मिहिनेतको त हिसाबै छैन ।

धनुका अनुसार एक महिनायता गोलभेंडाको मूल्य हरेक दिन घट्दो क्रममा छ । निरन्तर मूल्य घटेपछि उनी छटपटिएकी छिन् । गोलभेंडा मात्र होइन, अरु तरकारीले पनि उचित मूल्य पाएको छैन । धनुले यसपाली काउली र गाजर पनि उब्जिएकी छिन् । 'मैले १५ दखि २० रुपैयाँ किलोमा गाजर बेचेको छु,' धनुले आक्रोश पोखिन् 'काठमाडौंमा उपभोक्ताले कतिमा किनेका छन् ?'




चितवनमा किसानले ७ रुपैयाँमा बचेको गोलभेडाको औसत थोक मूल्य काठमाडौंको कालिमाटी बजाररमा २२ रुपैयाँ प्रतिकिलो छ । सहरका खुद्रा पसलमा त ६० रुपैयाँसम्ममा बिक्री भइरहेको छ । सरकारले पनि कुनै हस्तक्षेप गर्न सकेको छैन ।

भारतबाट सस्तैमा तरकारी आएको भन्दै व्यापारीहरुले नेपाली किसानको तरकारी किन्नै आनाकानी गर्ने गरेको गुनासो गर्छन्, चितवनका अनुप सुवेदी । 'भारतबाट ५ रुपैयाँ किलोमा गोलभेंडा आएको भन्दै हाम्रो किन्दैनन्', सुवेदीले भने 'अब कहाँ गएर आफ्नो उत्पादन बिक्री गर्ने ? हाम्रो लगानीको बजार खोइ ?'

आफ्नो उत्पादनमा नाफा होइन, पसिनाको मूल्य उठ्नेसम्मको बजारका लागि तरकारी सडकमा पोख्दै हिंड्नु पर्ने बाध्यतामा परेको सुवेदीको भनाइ छ ।

नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघका अध्यक्ष खुमप्रसाद घिमिरे पुस-माघमा वर्षैसाल यस्तो समस्या देखिने गरेको बताउँछन् । यो सिजनमा भारतबाट निर्वाध रुपमा ठूलो मात्रामा तरकारी भित्रिने गरेकाले पनि नेपाली उत्पादनले राम्रो मूल्य नपाउने अवस्था बनेको उनको भनाइ छ ।

'भारत सरकारले अनुदानमा उत्पादन र निर्यात गरेको भारतीय तरकारीसँग महँगो उत्पादन लागतको तरकारीले प्रतिस्पर्धा गर्न सक्दैन,' अध्यक्ष घिमिरेले भने, 'चितवनबाट २ मेट्रिक टन तरकारी काठमाडौं ल्याउन १६ हजार रुपैयाँ भाडा तिर्नुपर्छ, त्यसअनुसार प्रतिकिलो ८ रुपैयाँ ढुवानी खर्च लाग्छ, ५ रुपैयाँ किलोमा किसानसँग किनेको तरकारी काठमाडौं ल्याएर थोक बजारमा १५ रुपैयाँमा पनि नबिक्ने अवस्था छ ।'

उनी थोक बजारमा मूल्य न्यायसंगत नै हुने गरेको भन्दै उनले खुद्रा पसलहरुमा पुग्दा अचाक्ली मूल्य बढ्ने गरेको दाबी गरे । अहिले थोक बजारमा २३ रुपैयाँ किलोमा बिकिरहेको गाजर खुद्रा बजारमा ७० रुपैयाँसम्म बिक्री भइरहेको छ ।

चितवनकै किसान अरबिन्द सुवेदी काउली र बन्दाले समेत अहिले बजार पाएका छैनन् । ठूला सहरका उपभोक्ताले हाम्रो लागत भन्दा कयौं बढीमा तरकारी किनेको तर आफूहरु भने पेशाबाट पलायन हुने अवस्थामा पुगेको उनले बताए । 'हामी सरकारलाई भन्दा भन्दै थाक्यौं । यसरी कति दिन बाँच्न सकिएला ?' सुवेदीले भने 'सरकारले हाम्रो उत्पादन कम्तिमा लागत मूल्य उठ्ने बजार देओस् ।'

सुवेदीका अनुसार काठमाडौंमा चितवनका किसानले १५ रुपैयाँ किलोमा काउली र ७ देखि १० रुपैयाँ किलोमा गाजर बेचिरहेका छन् । तर, कालिमाटीमा गाजरको थोक मूल्य २३ रुपैयाँ छ भने काउलीको २५ रुपैयाँ पुगेको छ ।

**संघर्षमा किसान**

यसरी आफ्नो उत्पादनले राम्रो मूल्य नपाउने तर, विचौलियाहरु मोटाइहने अवस्था देखेपछि गत शुक्रबारदेखि चितवनको सडकमा कृषक संघर्ष समिति बनाएर आन्दोलनमा छन् । नारायणढको मूल सडकमा तरकारी फ्यांकेर आन्दोलन गरेका उनीहरुले सरकारी निकायले कृषकको उत्पादन बजारसम्म पुर्याउउन ध्यान नदिएपछि बाध्य भएको किसानहरु बताउँछन् ।

किसान संघर्ष समिति चितवनका संयोजक लेखनाथ भुसाल सरकारले स्वदेशी तरकारीको बजार सुनिश्चित गर्नुको साटो भारतीय तरकारी रोक्न माग गर्ने किसानलाई समेत सार्वजनिक मुद्दा चलाएर बसेको बताउँछन् । 'हामीले स्थानीय तह, प्रदेश सरकार, कृषि ज्ञान केन्द्रदेखि संघीय मन्त्रालयसम्म यसबारे जानकारी गराएका छौं, तर कसैले सुनेन,' उनले भने, 'बारीमा लाखौंका तरकारी कुहिएर गएको कसैले देखेन, सडकबाट हामीले सरकार र सबै जनतालाई पीडा देखाएका हौं ।'

पछिल्लो तीन वर्षयता चितवनका किसान भारतीय तरकारीको मारमा परेका छन् । त्यसका विरुद्ध राज्यका निकायमा उजुरी गर्दा केही सुनुवाइ नभएपछि किसानकै तहबाटै प्रतिवाद थालिए पनि आफैंलाई प्रत्युत्पादक भएको उनले सुनाए ।

कृषि कर्ममा लाग्दा सरकारबाटै ज्यादती भएको उनको आरोप छ । चितवनका साना ठूला किसानले आफ्नो उत्पादनको बजार सुनिश्चितताका लागि सबै सरकारी निकाय धाएको तर, न्याय नपाएको भुसालको भनाइ छ । 'तीन वर्ष अघि चितवनमै सस्तोमा भारतीय गोलभेंडा बिक्री भयो । त्यसपछि हामी किसान मिलेर हाम्रो गोलभेंडा लगेर भारतीय व्यापारीसामु खन्याइदियौं' भुसाल थप्छन् 'एक वर्ष बजारमा भारतीय गोलभेंडा आएन । तर अर्को वर्ष फेरि आयो । हामी किसान नै मिलेर बाटोबाटै भारतीय तरकारीको गाडी जफत गर्यौं । तर, हामीलाई सरकारले सार्वजनिक मुद्दा चलायो ।'

आफू पनि कृषकको हितमा केही नगर्ने र किसानले बोल्दा समेत कानुन देखाएर तर्साउने सरकार रबैयाका कारण किसान विद्रोहका लागि तयार भएको उनको भनाइ छ । संयोजक भुसालकाअनुसार आफ्नो तरकारी बिक्रीका लागि कालिमाटीमा सटर माग गर्दा किसानले पाएनन् । 'कालीमाटी बजारमा सटर देऊ,हामी आफैं आफ्नो उत्पादन बिक्री गर्छौं भनेर धेरै बिन्ती पनि गर्यौं', भुसालले भने, 'त्यहाँ त दलालले मात्रै ठाउँ पाउने रहेछन् ।'

**सरकारको गाफ मात्रै**

कृषि मन्त्रालय यो समस्याबारे बेखबर छैन । तर सरकारले आपूर्ति श्रृंखला व्यवस्थापनमा काम गर्दा समस्या भएको बुझ्दा बुझ्दै पनि कुनै कदम चालेको छैन ।

उत्पादनको बजारीकरणको समस्याका कारण किसानले दु:ख पाएको मन्त्रालयका अधिकारीहरु बताउँछन् । किसान र सरकार दुवैबाट बजारीकरणको पक्षमा कमजोरी भएको मन्त्रालयले जनाएको छ । चितवनमा नबिकेर गोलभेंडा फ्याँकिंदा स्याङ्जामा सोही उत्पादनको मूल्य ९० रुपैयाँ पुगेको मन्त्रालयका सहसचिव प्रकाश कुमार सञ्जेलले बताए ।

विश्व व्यापार संगठनको सदस्यताका कारण नेपालले भारतबाट हुने तरकारी आयातलाई रोक्न नसक्ने पनि उनले प्रष्ट्याए । चितवनमा उत्पादन बिक्रीका अक्सन बजारदेखि उपयुक्त तापक्रममा भण्डारण गर्न कोल्ड स्टोरको पूर्वाधार रहेको भन्दै उनले मूल्य नपाएको अवस्थामा विकल्पतिर पनि सोच्नुपर्ने बताए । 'केही वस्तुहरुको उत्पादन कसिन बढी केन्द्रित छन्, सरकारको लगानी पनि यसैमा छ', उनी भन्छन्, 'उत्पादन भएका वस्तुको बजारीकरण र विविधीकरणमा किसान र सरकार दुवै चलाख हुनुपर्ने छ ।'

चितवनमा यो सिजनमा फलेका केही उत्पादनलाई हेरेर आयातमा रोक लगाइए भारतीय तरकारीमा निर्भर बजारहरु प्रभावित हुने अवस्था देखिएको प्रवक्ता सञ्जेलले बताए । 'नेपालमा भन्दा भारतमा किसानलाई सरकार कातर्फबाट धेरै संरक्षण छ, उत्पादनमा अनुदान छ', उनी भन्छन्, 'त्यसकै कारण सस्तो लागतको आयातित तरकारीले नेपालको ४० देखि ६० प्रतिशत बजार लिन लागिसक्यो ।'

'तरकारी तथा फलफूल व्यवसायी महासंघका अध्यक्ष घिमिरे मूल्य कम भएका बेला किसानको तरकारी सरकारले नै किन्ने व्यवस्था गर्नुपर्ने बताउँछन् । सरकारले एक तह प्रशोधन गरेर कृषिजन्य उत्पादनहरु विक्री गर्न सक्ने भन्दै उनले व्यवसायीलाई मात्रै गाली गरेर समस्या समाधान नहुने बताए ।

कुहिने खालका तरकारीहरु कतिपय सुकाएर रँखन सकिने र कतिको अचार बनाएर मूल्य अभिवृद्धि गर्न सकिने भएकाले सरकार र किसान दुवैले यसको लागि प्रयास गर्नुपर्ने उनको भनाइ छ । किसानको तरकाकरी उत्पादनको लागत घटाउन पनि सरकारले काम नगरेका यस्तो अवस्था आएको उनको भनाइ छ ।


'कुन तहको विचौलिया या ब्यापारीले तरकारीमा अकुत नाफा लिएका छन् भनेर सरकारले अध्ययन गरोस्,' उनले भने, 'कालीमाटीको थोक बजारमा १० रुपैयाँ किलोमा बिकेको तरकारी ५० रुपैयाँमा बचेर उपभोक्ता ठग्नेलाई पनि प्रभावकारी अनुगमन गरेर कारवाही हुनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# कलाकार पदम पौडेलको निधन

## अधुरै रह्यो ७५ वटा फिल्म पुर्याउने सपना

काठमाडौं/कलाकार पदमप्रसाद पौडेलको निधन भएको छ । मंगलबार दिउँसो ९२ वर्षको उमेरमा बुढानीलकण्ठ चपलीस्थित निजी निवासमा उनको निधन भएको कलाकार संघका अध्यक्ष रविन्द्र खड्काले जानकारी दिए । लामो समयदेखि दमको रोगबाट पीडित रहेका उनको मंगलबार साँझ पशुपति आर्यघाटमा हिन्दू संस्कार अनुसार अन्त्येष्टि गरेका छन् । उनी पाँच छोरा र दुई छोरीका पिता थिए ।



यस वर्ष उनी अभिनीत दुई फिल्म 'ऐना झ्यालको पुतली' र 'नालापानी' प्रदर्शनमा आएका थिए । चार वर्ष अगाडि एक अन्तर्वातामा उनले भनेका थिए, 'नालापानी'सहित ६६ वटा फिल्म भयो । ७५ वटासम्म पुर्याउने सोचमा छु । पुर्याउन सक्छु पनि । र, मलाई जहिलेसम्म स्वास्थ्यले साथ दिन्छ तबसम्म अभिनय गरिरहन्छु ।' तर, ७५ वटा फिल्म पुर्याउने उनको सपना अधुरै बन्न पुगेको छ ।

सन्तोष पन्तले 'हिजो आजका कुरा' सिरियलबाट उनलाई अभिनयमा ब्रेक दिएका थिए । उनको पहिलो फिल्म भने 'हामी तीन भाई' थियो, जसमा उनले अभिनेत्री रेखा थापाको बुबा बनेर अभिनय गरेका थिए । चलचित्र कलाकार संघका आजीवन सदस्य रहेका उनले एउटा इटालियन र एउटा फ्रान्सेली फिल्ममा पनि अभिनय गरेका छन् । अभिनयमा आउनुपूर्व उनी शिक्षक र पत्रकार थिए ।

भारतमा गएर अध्ययन गरेका उनले ६ कक्षामा पढ्दा भारतीय अभिनेता देवानन्दको फिल्म 'संसार' ६ पटक हेरेका थिए । उनलाई अभिनयप्रति रुचि त्यही फिल्मबाट पलाएको थियो । अध्ययनकै क्रममा उनले देवानन्दसँग पनि भेट गरेका थिए र त्यसबेला आफूले 'संसार' भन्ने फिल्म ६ पटकसम्म हेरेको बताउँदा देवानन्द चकित परेको पौडेलले चार वर्ष अगाडि एक अन्तर्वार्तामा भनेका थिए ।

# 'कांतारा'को पहिलो पार्ट बन्ने

एजेन्सी, मुम्बइ/ऋषभ शेट्टीद्वारा अभिनीत तथा निर्देशित फिल्म 'कांतारा'को सफलतापछि यसका निर्माताले प्रिक्वेल घोषणा गरेका छन् ।

भारतीय बक्सअफिसमा मात्रै १ सय ५० करोडको कलेक्सन गरेको फिल्मले प्रदर्शनको सय दिन पूरा गरेको अवसरमा ऋषभले प्रिक्वेल निर्माणको घोषणा गर्दै सन् २०२४ मा रिलिज हुने जानकारी दिएका छन् । हाल स्क्रिप्ट लेखनको काम भैरहेको उनको भनाई छ ।



ऋषभ शेट्टीले प्रिक्वेल निर्माणको घोषणा गर्दै भनेका छन्, 'हामी निकै खुसी छौं र दर्शकप्रति आभारी छौं, जसले 'कांतारा'लाई अपार माया र सपोर्ट गर्नुभयो । सर्वशक्तिमान देवको आशीर्वादले फिल्मले सफलतापूर्वक सय दिन मनाएको छ । यो खुसीको अवसरमा 'कांतारा'को प्रिक्वेल घोषणा गर्दैछु ।' 'कांतारा' दोस्रो पार्ट भएको जानकारी दिँदै उनले अर्को वर्ष पहिलो पार्ट आउने बताएका छन् ।

गत ३० सेप्टेम्बरमा रिलिज भएको फिल्मले सुरुवाती दिनमा बक्सअफिसमा अत्यन्त कमजोर व्यापार गरेको थियो । तर, बलियो 'वर्ड अफ माउथ'ले फिल्मले आफ्नो रफ्तार पकड्यो । कन्नड भाषामा बनेको यो फिल्मको सानदार कमाईपछि १४ अक्टोबरबाट हिन्दी, तमिल र तेलुगु भाषामा पनि रिलिज गरिएको थियो । आइएमडिबीमा फिल्मलाई ९.१ को रेटिङ मिलेको छ, जुन उच्च रेटिङ हो ।

# सिद्धार्थ र कियाराले गरे विवाह

एजेन्सी, मुम्बई/बलिउडको 'लभ बर्ड्स' सिद्धार्थ मल्होत्रा र कियारा आडवाणी विवाह बन्धनमा बाँधिएका छन् । फिल्म 'शेरशाह'बाट सुरु भएको उनीहरुको प्रेम सम्बन्ध मंगलबार विवाहमा परिणत भएको हो । जैसलमेरको सूर्यगढ प्यालेसमा अग्निलाई साक्षी राखेर श्रीमान्-श्रीमतीको रुपमा जीवनभर साथ रहने वाचा गरेका दुवैले विवाहका तस्विरहरु आ-आफ्नो सामाजिक सञ्जालमा पोस्ट गरेका छन् ।



विवाहको तस्विरमा कियाराले पाउडर पिंक कलरको लेहंगा पहिरिएकी छन् भने सिद्धार्थ मल्होत्राले गोल्डन शेरवानी लगाएका छन् । विवाहको मण्डपमा खिचिएका तीनवटा तस्विरमध्ये पहिलोमा दुवै एकअर्कालाई नमस्कार गर्दै देखिएका छन् । त्यस्तै, दोस्रोमा एकअर्काको हात समाएर दुवै प्रफुलित मुद्रामा छन् भने तेस्रो तस्विरमा सिद्धार्थलाई कियाराले गालामा चुम्बन गरेको देख्न सकिन्छ ।

सिद्धार्थ विवाहको तस्विर पोस्ट्याउँदै लेख्छन्, 'अब हाम्रो स्थायी बुकिङ भैसकेको छ । हाम्रो आगामी यात्राका लागि तपाईंहरुको माया र आर्शीवाद चाहन्छौं ।' उनीहरुको विवाहमा सहभागी हुनका लागि कयौं सेलिब्रेटीहरु पुगेका थिए । अब यो जोडीले मुम्बईमा रिसेप्सन पार्टीको आयोजना गर्दैछ, जहाँ बलिउडकर्मीदेखि राजनीतिज्ञसम्मको उपस्थिति रहने भारतीय मिडियाले बताएका छन् ।

# चिकित्सक संघको अध्यक्षमा डा. अनिलबिक्रम कार्की निर्वाचित



काठमाडौं/नेपाल चिकित्सक संघको अध्यक्षमा लोकतान्त्रिक समूहका डा. अनिलविक्रम कार्की विजयी भएका छन् ।

कार्कीले ३ हजार ५३७ मत ल्याउँदै जित हासिल गरेका हुन् । अध्यक्षका अर्का उम्मेदवार प्रगतिशील समूहका डा. सन्तोष पौडेलले २ हजार २२३ र स्वतन्त्र उम्मेदवार डा. शिवजीविक्रम सिलवालले २९० मत प्राप्त गरे ।

मंगलबार सम्पन्न मतगणना अनुसार एकजना सदस्यबाहेक लोकतान्त्रिक समूहको प्यानल नै विजयी भएको छ ।

यस्तै, महासचिवमा पनि लोकतान्त्रिक समूहकै डा. सञ्जीव तिवारी २९१८ मतका ल्याएर विजयी भए । उनका निकतम प्रतिद्वन्द्वी डा. अमृत भुसाल १५४१ मत ल्याएर भने अर्की उम्मेदवार डा. रक्षा श्रेष्ठले भने १५०५ मत ल्याएकी छन् ।

मधेश प्रदेशको उपाध्यक्षमा डा. निरजकुमार सिंह ३०८१ मतका साथ विजयी बने । उनका निकतम प्रतिद्वन्द्वी डा. महेश महासेठले १५७४ मत पाए भने अर्का उम्मेदवार डा. अजयकुमार मिश्रले ११२४ मत ल्याए ।

बागमती प्रदेशको उपाध्यक्षमा डा. प्रकाश बुढाथोकीले ३५५३ मतका साथ विजय हासिल गरे । उनका प्रतिस्पर्धी डा. सञ्जय ठाकुरले २२१४ मत ल्याए । गण्डकी प्रदेशमा डा. राजन शर्माले ३३२२ मतका साथ विजयी बने भने उनका प्रतिस्पर्धी डा. विकास गौचन २३९० मत ल्याए । यस्तै, सुदूरपश्चिम प्रदेशको उपाध्यक्षमा डा. प्रशान्त भट्ट ३३५९ मतका ल्याएर विजयी भए भने उनका प्रतिद्वन्द्वी डा. निरज अर्याल २३०८ मत ल्याए ।

सदस्यहरुमा लोकतान्त्रिक समूहका डा. अमित रञ्जन मिश्र, डा. किशोर खत्री, डा. सृजना विष्ट, डा तेज्सुसिंह मल्ल, डा. युभिन कुमार यादव र प्रगतिशिल समूहकी डा. स्मृती महत विजयी भएका छन् ।

वरिष्ठ उपाध्यक्ष डा. वद्री रिजाल, उपाध्यक्ष तथा लुम्बिनी प्रदेश संयोजक डा. नन्दाकुमारी गुरुङ, उपाध्यक्ष तथा कर्णाली प्रदेश संयोजक डा. केशरबहादुर ढकाल, उपाध्यक्ष तथा प्रदेश १ संयोजक, डा विपेश आचार्य, कोषाध्यक्ष डा प्रमोद जोशी, सह-कोषाध्यक्ष डा विक्रान्त ढकाल र सह-सचिवमा डा लिजन महर्जन यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् । संघको निर्वाचनमा कुल ६२९२ मत खसेको थियो ।

# नागरिक उन्मुक्ति फकाउँदै सत्तारुढ

काठमाडौं/नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले अहिलेकै अवस्थामा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्र रावललाई विश्वासको मत दिन नसक्ने बताएकी छन् । केन्द्रीय कारागारमा जेलजीवन काटिरहेका पार्टीका संरक्षक रेशम चौधरीलाई भेटेर फर्किएपछि श्रेष्ठले बुधबार मुख्यमन्त्री रावललाई विश्वासको मत नदिने बताएकी हुन् ।

२७ माघमा मुख्यमन्त्री नियुक्त रावलले भोलि, प्रदेशसभामा विश्वासको मत लिने कार्यसूची छ । तर अध्यक्ष श्रेष्ठले आफूहरुको माग पूरा हुन बाँकी रहेकाले विश्वासको मत नदिने बताइन् ।

'हामी विश्वासको मत दिन सक्दैनौं, किनभने हाम्रो बटमलाइन प्रदेश सरकारले सुनुवाइ गर्ने कुनै संकेत दिएको छैन', श्रेष्ठले अनलाइनखबरसँग भनेकी छन् । यदि नागरिक उन्मुक्तिले विश्वासको मत नदिए नेकपा एमाले नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकार संकटमा पर्नेछ । नागरिक उन्मुक्तिले विश्वासको मत नदिने अडान लिएकै कारण रावलले मुख्यमन्त्री बनेको एक महिना पुग्न लाग्दासमेत विश्वासको मत लिएका छैनन् । माओवादी केन्द्रका खगराज भट्ट र एमालेका सन्तोष शर्मा भाषालाई मन्त्री नियुक्त गरेपनि विभागीय जिम्मेवारी दिन सकेका छैनन् ।

यसरी विश्वासको मत नलिई पदमा रहिरहन रावललाई बिहीबारसम्मको मात्रै सुविधा छ । कानूनअनुसार, मुख्यमन्त्री नियुक्त भएको एक महिनाभित्र विश्वासको मत नलिए त्यो सरकार ढल्नेछ ।

त्यस्तो संकट आउन नदिन एमाले नेताहरुले लगातार नागरिक उन्मुक्ति पार्टीका नेतृत्व फकाइरहेका छन् । 'हामीले धेरै कुरा गरिरहेका छौं । उहाँहरुको मुख्य माग सम्बोधनको प्रक्रियामा गइसकेकाले सकारात्मक वातावरण बनेको छ', एमालेका एक उच्च नेता भन्छन् । उनी बिहीबारभित्रै नागरिक उन्मुक्तिले मुख्यमन्त्री रावललाई विश्वासको मत दिनेमा विश्वस्त देखिन्छन् । 'अब प्राविधिक कुरा मिलाउन बाँकी छ । त्यो पनि पार्टी नेतृत्वबाटै कुरा भइरहेको छ', ती नेता भन्छन् । ती नेताका अनुसार, टीकापुर घटनाको मुख्य योजनाको आरोपमा जेलजीवन कटाइरहेका रेशमको मुद्दा सुनुवाई अगाडि बढेकाले नागरिक उन्मुक्ति सकारात्मक बनेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**"तपाईं, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# लालझाडी र मकवानपुरगढीको अलपत्र पुलमा भौतिक मन्त्रीको निरीक्षण, ठेक्का तोड्ने चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ मकवानपुरगढी गाउँपालिका र हेटौंडा उपमहानगरपालिकामा ठेकेदारले अलपत्र पारेको पक्की पुलको निरीक्षण प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलालले गरेका छन् ।

दुलालले मंगलबार विकास निर्माणका आयोजना अलपत्र परेका कारण नागरिकले दु:ख पाइरहेको भन्दै पुलको निरीक्षण गरेका हुन् । मकवानपुरगढीको ५ र ३ नम्बर जोड्ने पक्की पुल ५ वर्षदेखि अलपत्र छ । यसैगरी, हेटौंडा-१ लालझाडी र चौकिटोल जोड्ने पुल दुई वर्षसम्मा एउटा खाल्डो पनि पूरा खनिएको छैन् । मन्त्री दुलालले दुई वर्षमा एउटा खाल्डो खनिरहेको दृश्य मंगलबार प्रत्यक्ष देखेका छन् । केही दिनअघि लालझाडीका स्थानीयले चरणबद्ध आन्दोलनको चेतावनी दिएपनि प्रदेश सरकारले चासो दिएको हो । यसअघि लालझाडीकै पुलको काम छिटो गर्न मन्त्रालयमा छलफल भए पनि ठेकेदार पक्ष काम नगरी बसेको थियो ।

चौकिटोल र लालझाडी जोड्ने पुल तथा मकवानपुरगढीको सामरी खोलामा अलपत्र पुलको अवस्था हेरेपछि मन्त्री दुलालले काम तीव्र गतिमा सक्न निर्देशन दिएका छन् । मकवानपुरगढीमा ३ स्थानको उक्त पुल ठेकेदारको बदमासीले गर्दा अहिलेसम्म ३ वटा मात्र पिल्लर उठाइएको छ । पुल निर्माणका लागि ठेक्का सम्झौता भएको ६ वर्ष बितिसक्दा समेत निर्माणको काम अलपत्र छ । तत्कालिन संघीय मामिला तथा स्थानीय विकास



चौकीटोल-लालझाडी पक्की पुलको लागि खाल्डो खनिँदै गरेको अवस्था ।

मन्त्रालय अन्तर्गत जिल्ला विकास समिति मकवानपुरले नागार्जुन शंखरमाली जेभी नामक निर्माण व्यवसायी कम्पनीलाई १५ महिनाभित्र पुल निर्माण गरिसक्नुपर्ने गरी निर्माणको जिम्मा दिएको थियो ।

तर निर्माण व्यवसायी कम्पनीको लापरबाही र सरोकार वाला निकायको मौनताका कारण हालसम्म पनि उक्त पुलको निर्माणको काम एक चौथाई पनि हुन नसकेको हो । नागार्जुन शंकरमाली जेभीलाई ५ करोड ३७ लाख ९२ हजार रुपैयाँ लागतमा २०७३ साल पुस ११ गते उक्त पुल निर्माणको लागि ठेक्का सम्झौता भएको थियो । सम्झौता अनुसार, गत २०७४ चैत्र ११ गतेसम्ममा उक्त पुलको निर्माण कार्य सम्पन्न भइसक्नु पर्ने हो । ठेक्का सम्झौता भएको ६ बर्ष बितिसक्दा समेत १ सय ३ मिटर लम्बाइको उक्त पुल अलपत्र अवस्थामा छ । समयमै पुल निर्माण हुन नसक्दा मकवानपुरगढी वडा नम्बर ३,४ र ५ का जनताले दैनिक रुपमा सास्ती खेप्दै आइरहेका छन् ।

हेटौंडाको लालझाडी र चौकीटोल जोड्ने पक्की पुल निर्माणका लागि बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको भौतिक पूर्वाधार विकास कार्यालय, भरतपुर चितवनले निर्माण व्यवसायी शिवशक्ति-सिद्धार्थ-शिवम् जेभी मकवानपुरसँग ठेक्का सम्झौता गरेको थियो । पक्की पुल निर्माण गर्न २ वर्षअघि दिइएको ठेक्का अन्तर्गत् हालसम्म एउटा खाल्डो खन्नु बाहेक काम भएको छैन । २०८० जेठ १७ मा कार्य सम्पन्न गर्ने गरी २०७८ जेठ १८ गते भएको सम्झौता अनुसार काम नहुँदा स्थानीयहरु मारमा परेका छन् । पुल निर्माणका लागि ८ करोड ४७ लाखमा सम्झौता भएको थियो । ठेकेदार कम्पनीले सम्झौताअनुसारको झण्डै ४० लाख बजेट बुझिसकेको छ तर, काम अघि बढ्न नसकेको जनाइएको छ ।

२० महिना बितिसक्दा हालसम्म कामको सुरुवातको नाममा एउटा खाल्डो खनिएको छ । पुल निर्माण हुने भएपछि स्थानीयहरुले छोड्नु पर्ने जमिन छाडिसकेका छन् । धेरै समय अगाडि ठेक्का लगाए पनि निर्माण व्यावसायीका कारण पुल निर्माणले गति लिन नसकेपछि मन्त्रीको नेतृत्वमा सचिव र सम्बन्धित कार्यालयका प्रमुखसहितको टोलीले स्थलगत निरिक्षण गरेको हो । पुल निर्माणको काम तिब्र गतिमा नगरे ठेक्का तोड्ने मन्त्री दुलालले चेतावनी दिएका छन् । सरकारबाट ठेक्का लिने र काम नगर्ने कम्पनीसँग ठेक्का तोडेर तीव्र गतिमा काम गर्ने गरी पुन: ठेक्का लगाउने योजनामा मन्त्री दुलाल पुगेको जनाइएको छ ।

मकवानपुरगढीको सामरी खोलामा निमाण गर्न लागिएको पुल हालसम्म पूरा नभएको भन्दै ठेक्का तोडेर फेरी ठेक्का लगाउने मन्त्री दुलालले बताएका छन् । पहिलो चरणमा निर्माण कम्पनीलाई काम गर्न लगाउने र नटेरेमा ठेक्का तोड्नुको विकल्प नभएको उनको भनाई छ । हेटौंडा-१ को निर्माणधीन पुलको निरीक्षण मन्त्री धारणा राख्दै मन्त्री दुलालले काम तीब्र गतिमा अगाडि नबढाए ठेक्का तोडेर अर्को ठेक्का लगाउने बाएका छन् ।

# अनुरोधलाई कमजोरी ठाने कारबाही गर्छु: मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले मन्त्रालय मातहतका कर्मचारीलाई कडा निर्देशन दिएका छन् ।

श्रम, रोजगार तथा यातायात मन्त्रालय अत्याधिक कामकाजीको मान्त्रालय भएको भन्दै उनले कर्मचारीलाई काम गर्ने सबालमा कुनै कमि कमजोरी हुन नदिनको लागि अनुरोध गरे ।

रहामीले हाम्रो तहबाट कसरी हुन्छ एउटा आशा जगाउँ जनतालाई, काम चै हुँदो रहेछ, देखिदो रहेछ, काम गर्न सके हुँदो र हेछ भने कुरा हामीले हाम्रो तहबाट गर्नुपर्छ जस्तो लाग्छ त्यसको लागि तपाईहरुसँग आशा र अपेक्षा गर्दछु,' मन्त्री श्रेष्ठले भने । इमान्दारिपूर्वक, दक्षतापुर्वक, क्षमतापुर्वक काम गरौं



भन्ने आफ्नो विनम्रतापुर्वक आग्रह रहने उनले बताए ।

'मेरो विनम्रातालाई कमजोरीको रुपमा लिएमा लिनुभयो भने निर्देशन दिनुपर्ने हुन्छ, निर्देशनलाई पनि मान्नु भएन कार बाहीको दायरामा पनि जान म कठोर बन्नुपर्ने अवस्था आउछ,' श्रेष्ठले भने । मन्त्री श्रेष्ठले कर्मचारीलाई सकेसम्म कारबाहीको दायरासम्म आफुलाई जान वाध्य नबनाउन अनुरोध गर्दै काममा 'फोकस' गर्न सके छिट्टै सकार ात्मक परिवर्तन आउने विश्वास व्यक्त गरेका छन् ।

# प्रदेश योजना आयोग उपाध्यक्षमा चालिसे

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोग उपाध्यक्षमा होमनाथ चालिसे नियुक्त भएका छन् ।

मंगलबार हेटौंडामा बसेको मन्त्रिपरिषद्को बैठकले मंगलबार चालिसेलाई प्रदेशको नीति तथा योजना आयोगको उपाध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो । प्रदेश सरकारले नीति तथा योजना आयोगको सदस्यहरुको नियुक्ती थाती राखेको छ ।

आयोगको अन्य सदस्यहरुमा गठबन्धनमा भागबण्डा लाग्ने जनाइएको छ । सदस्यहरु नेकपा एमाले र राप्रपाको भागमा पर्ने बुझिएको छ । हाल ललितपुरमा बस्दै आएका चालिसे लुम्बिनी प्रदेशको बर्दियाका हुन् । चालिसे जनसंख्या र बुढ्यौली विद हुन् ।





अध्ययन र अनुसन्धानमा क्षेत्रमा क्रियाशिल चालिसे विश्व स्वास्थ्य संगठन जेनेभाको स्वस्थ बुढ्यौली शताब्दी कार्यक्रमका विज्ञ सदस्य समेत हुन् ।

उनले त्रिभुवन विश्व विद्यालयमा जनसंख्या विषय अध्यापनसमेत गराउँछन् । नेपाल जनसंख्या संघको उपाध्यक्ष रहेका उनले जापानको टोकियो विश्व विद्यालयबाट विद्यावारिधि गरेका थिए । साथै, अमेरिकाबाट रिसर्च पूरा गरेका हुन् । अमृत साइन्स क्याम्पसबाट बीएससीसम्मको अध्ययन गरेका उनले स्नातकोत्तर त्रिभुवन विश्वविद्यालयबाट गरेका थिए । उनी सो ब्याचका गोल्ड मेडलिस्टसमेत हुन् ।

# सांसदले स्वार्थ बाझिने संसदीय समितिमा बस्न नपाउने

काठमाडौं/ प्रतिनिधि सभा सदस्यहरु स्वार्थ बाझिने संसदीय समितिको सदस्य हुन नपाउने भएका छन् ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको छलफलमा सांसदहरु स्वार्थ बाझिने संसदीय समितिमा सदस्य हुन नपाउने व्यवस्था राख्न सहमत भएका छन् । यसअघि निजी विद्यालय सञ्चालक सांसद शिक्षा समितिमा, बैंकका अध्यक्ष सांसदहरु अर्थ समितिमा रहँदा स्वार्थ बाझिएको भन्दै आलोचना भएको थियो ।

तर नेकपा एमालेका संसदीय दलका उपनेता, नियमावली मस्यौदा समितिका सदस्य सुवास नेम्वाङका अनुसार यसपटक प्रतिनिधिसभा नियमावली २०७९ मा



'स्वार्थ बाझिने सांसदलाई सम्बन्धित समितिमा राखिने छैन' उल्लेख गर्ने समझदारी भएको छ ।

दलहरुले आफ्ना सांसदहरुलाई कुन समितिमा रहने भनी रोज्न लगाउने अभ्यास छ । त्यस अनुसार दलले नै कुन सांसद कुन समितिमा रहने भनेर तय गर्ने अभ्यास पनि छ ।

तर, विगतमा यस्तो गर्दा सांसदहरुले आफ्नो स्वार्थ बाझिने समिति रोज्ने गरेको पाइएको एमालेका सांसद लिलानाथ श्रेष्ठ बताउँछन् । 'म पहिले विकास तथा प्रविधि समितिमा थिएँ । त्यहाँ ठेकेदार नै ठेकेदार थिए' श्रेष्ठले समिति बैठकमा सुनाए ।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले स्वार्थ बाझिने संसदीय समितिमा रहेर सांसदहरुले आफू अनुकुल कानुनहरु नै बनाएको बताए । 'स्वार्थ आएको मात्रै छैन् । आएर, पसेर ऐन पास गरेर, स्वार्थ पुरा गरेको जनताहरु भन्छन्' पाण्डेले समिति बैठकमा भने । नियमावलीमै स्वार्थ बाझिने सांसदले संसदीय समितिमा रहन नपाउने उल्लेख गर्दा त्यसको सकारात्मक प्रभाव पाण्डे बताउँछन् ।

तर, स्वार्थ बाझिएको छ वा छैन भनेर निर्क्योल कसले गर्ने भन्नेबारे नियमावली मस्यौदा समितिका सदस्यहरु प्रष्ट छैनन् । कुनै संसदीय समितिमा आफ्नो स्वार्थ बाझिएको पुष्टि गर्न कुनै पनि सांसदले चुनौती दिए कसरी निराकरण गर्ने भन्ने अन्योल नै छ ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक स्वार्थ बाझिने समितिमा रहन नपाए पनि स्वार्थ बाझिने विषयमाथि संशोधन हालेर कानुन निर्माणमा सहभागिता जनाउन सक्ने बताए । स्वार्थ बाझिने भन्नुको अर्थ प्रष्ट गर्न सक्दा सांसदहरुलाई रोक्न सकिने उनलाई लाग्छ ।

प्रतिनिधिसभा नियमावलीमा पनि स्वार्थ बाझिने विषयमाथिको छलफलमा सांसदहरु बस्न नहुने व्यवस्था छ । प्रतिनिधिसभा नियमावलीको नियम १९१ मा सांसदले 'छलफल र निर्णयमा भाग लिन नहुने' सम्बन्धी व्यवस्था छ ।

जहाँ भनिएको छ, 'कुनै समितिको विचाराधीन विषयसँग कुनै सदस्यको व्यक्तिगत स्वार्थ गाँसिएको भए सो विषयको छलफल र निर्णयमा सो सदस्यले भाग लिन हुँदैन ।' यसको प्रभावकारी कार्यान्वयन नभएको भन्दै नियमावलीमा बाध्यकारी व्यवस्था राख्न खोजिएको हो ।

## नेपाल रत्न हस्पिटल प्रा.लि

हेटौंडा उपमहानगरपालिका, वडा नं १ हेटौंडा,
बागमती प्रदेश, मकवानपुरको

### प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

*(प्रकाशित मिति : २०७९ साल माघ २५ गते बुधबार)*

नेपाल रत्न हस्पिटल प्रा.लि, वागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका, वडा नं १, हेटौंडाद्वारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल रत्न हस्पिटल प्रा. लि., हेटौंडा, बागमती प्रदेश, मकवानपुर<br>सम्पर्क फोन: ९७७-९८५५०५१९७६, ईमेल: sundarpuspa@gmail.com |
| प्रस्तावको व्यवहोरा | नेपाल रत्न हस्पीटल प्रा.लि. हेटौंडाले हेटौंडा उपमहानगरपालिका, वडा नं १, चौकीटोलमा १०० शैय्याको अस्पताल निर्माण गरी संचालन गर्ने योजना बनाएको छ । प्रस्तावकले अस्पतालका लागि आवश्यक पूर्वाधारहरू निर्माण गरी बागमती प्रदेश सरकारको मापदण्ड अनुरुपको स्वास्थ्य सेवाहरु उपलब्ध गराउनेछ । |
| प्रस्तावको प्रभावित क्षेत्र | हेटौंडा उपमहानगरपालिका, वडा नं १, हेटौंडा, बागमती प्रदेश, मकवानपुर |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्छ भनी सो स्थानको उ.म.न.पा, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवस्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावक | नेपाल रत्न हस्पिटल प्रा. लि., हेटौंडा उपमहानगरपालिका, वडा नं १, हेटौंडा, बागमती प्रदेश, मकवानपुर<br>सम्पर्क फोन : ९७७-९८५५०५१९७६<br>सम्पर्क व्यक्ति डा. सुन्दर कुमार श्रेष्ठ<br>ईमेल: sundarpuspal@gmail.com |
| परामर्शदाता | इन्भाइरोभिजन कन्सल्टेन्सी प्रा. लि. का.म.न.पा.-१३, काठमाडौं<br>इमेल: vision4environment@gmail.com |

## फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८२१८५३११४, ९८५५०७७७७८**

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:**
**९८४५२९०३९१, ९८५५०८५३९१**

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

स्थान: पल्पसा हल (२८ गते साधारण सभा)
२९ गते (निर्वाचन निर्माण व्यवसायी संघको परिसर)
समय: बिहान ७ बजे बाट

श्याम सुन्दर ढकाल
अध्यक्ष
**निर्माण व्यवसायी संघ, मकवानपुर**
हेटौंडा, मकवानपुर

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना